# बाल संरक्षण कोष संचालन निर्देशिका

२०७४

कार्यपालिकाबाट स्वीकृत मिति २०७८/११/१३

बैतेश्वर गाउँपालिका

दोलखा

## मन्तव्य

बालबालिकाको समग्र विकासको लागि उनीहरुमा बढी भन्दा बढी लगानीको वातावरण सिर्जना गर्नु हामी सबैको दायित्व तथा बालबालिकाको नैसर्गिक अधिकार हो । बालबालिकाले आफ्नो बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार को उच्चतम प्रयोग गर्न पाउनुपर्छ । हाम्रा सम्पुर्ण गतिविधिहरुले बालबालिकालाई प्रत्यक्ष वा परोक्ष असर पारि रहेको हुन्छ । त्यसैले हाम्रा गतिविधिहरु बालबालिकालाई केन्द्रमा राखि अगाडी बढाईयो भने त्यसले सकारात्मक प्रभाव पार्दछ । बालबालिकालाई उनीहरु गर्भमा हुनु देखि नै राम्रो स्याहार सुसारको आवश्यकता पर्दछ । सुनौला हजार दिन बालबालिकाको वृद्धि विकासको लागि ज्यादै सम्वेदनशील अवस्था हो । त्यसैले बालबालिकाको लागि भविश्यको योजना गर्दा बर्तमानमा लगानी धैरै गर्नुपर्दछ जसले बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक तथा बृद्धि विकासमा यसले सहयोग पुर्‍याउदछ । बालबालिकालाई कस्तो बनाउने भन्ने कुरा हामीले उनीहरुलाई कस्तो वातावरण दिईरहेका छौं भन्ने कुराले ज्यादै महत्व राख्दछ ।

बालबालिका बर्तमान हुन । आजका बालबालिका नै मुलुकको भविश्यका नीति निर्माता हुन्छन् । उचित शिक्षा, स्वास्थ्य, संरक्षण, पालनपोषण र अवसरसमेत दिई बालबालिकालाई आज जति योग्य बनाउन सकिन्छ भविश्यमा देशले त्यति नै उचित नेतृत्व पाउनेमा सन्देह रहन्न । पुस्तान्तरणमा सर्ने गरिवीको दुष्चक्रबाट नेपाली जनता प्रभावित छन् जसको सबैभन्दा बढी मार बालबालिकाले खेप्नुपरेको छ। बालश्रम, संरक्षण विहीन, वेचविखन, यौनशोषण र कुपोषण जस्ता जोखिममा पर्नुको मुख्य कारण गरिवी पनि हो । त्यसैले गरिबीको यो दुष्चक्रबाट बालबालिकालाई बाहिर निकाल्न बालबालिकाको क्षेत्रमा लगानी गर्नु अति आवश्यक छ।

२० नोभेम्वर १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाले घोषणा पत्र मार्फत बाल अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि जारी गर्‍यो । यस महासन्धिलाई नेपाल सरकारले १४ सेप्टेम्वर १९९० मा हस्ताक्षर गरी अनमोदन गरिसकेपछि यसैको जगमा नेपाल सरकारले बालबालिका सम्बन्धि ऐन, २०४८ र बालबालिका सम्बन्धि नियामावली, २०५१ जारी गर्‍यो । यसैअनुसार केन्द्र देखि स्थानिय स्तरसम्म संरचना तयार भई कार्य भईरहेको छ ।

यस बाल संरक्षण कोषले विभिन्न कारणले जोखिममा रहेका बालबालिकालाई उनीहरुको शिक्षा, स्वास्थ्य तथा पोषणमा सहयोग पुर्‍याउने छ । बालअधिकार संरक्षण तथा सम्वर्द्धन समितिको यो कोष संचालनमा महत्वपुर्ण भुमिका रहनेछ । कोष संचालनलाई प्रभावकारी ढंगले अघि बढाई भविश्यमा यसलाई विस्तार गर्दै जिल्ला व्यावी रुपमा अगाडी लैजान, यसको पारदर्शीता, अनुगमनमा सहजता ल्याउन बैतेश्वर गाउँपालिका, गाउँपालिका अन्तरगतका १ देखि ८ नं. वडा कार्यालयहरु तथा गाउँ बालअधिकार संरक्षण तथा सम्वर्द्धन समिति सक्षम रुपमा अगाडी बढ्ने छ भन्ने अपेक्षा गरको छु र यो निर्देशिका तयार गर्न आवश्यक सयोग गरेकोमा सेभ द चिल्ड्रेनलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद

.......................................

श्री छबी लामा
प्रमुख, बैतेश्वर गाउँपालिका

**पृष्ठभुमि**

आमा बाबु दुवै वा दुईमध्ये कुनै एक गुमाएका र अति गरिब घर परिवारमा हुर्किबढिरहेका बालबालिकाहरु पोषण, स्वास्थ्य र शिक्षाको अवसरवाट बञ्चित हुनुपर्ने अवस्था हुन सक्छ । त्यस्ता प्रकारका जोखिममा हुर्किबढिरहेका बालबालिकाको सन्दर्भमा हाल बिद्यमान सामाजिक सुरक्षा कार्यक्रमहरुले समेट्न सकिरहेको पाईदैन । यसै सन्दर्भमा जोखिममा पर्नसक्ने बालबालिकाहरुलाई जोखिममा पर्न नदिन र परिसकेका लाई त्यहाँबाट निकाल्न सामाजिक सुरक्षाको उपायहरु मध्ये एक उपायको रुपमा बाल संरक्षण कोष स्थापना र सञ्चालन पनि एक हो । सोही प्रयोजनका लागि यो निर्देशिका तयार गरि लागू गरिएको छ ।

**१. नाम र प्रारम्भः**

१.१ यस निर्देशिकाको नाम **" बाल संरक्षण कोष संचालन निर्देशिका २०७४"** रहनेछ ।

१.२ बाल संरक्षण कोष निर्देशिका गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मिति देखि लागू हुनेछ ।

**२. उद्धेश्यहरुः**

यस बाल संरक्षण कोष संचालन निर्देशिकाको उद्धेश्यहरु निम्नानुसार हुनेछन् ।

२.१ गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति अन्तर्गत टुहुरा तथा जोखिमयुक्त बाल बालिकाको सहयोगार्थ अक्षय कोष स्थापना र सञ्चालन गर्ने ।

२.२ सहयोग आवश्यकता भएका बालबालिकाको पहिचान गरी उनीहरुलाई आर्थिक सहयोग गर्ने

**३. कोषको प्रकृती :**

३.१ बाल संरक्षण कोष, अक्षय कोषको रुपमा रहनेछ ।

३.२ यो कोष गाउँपालिका आफै तथा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, दातृनिकाय, ब्यक्ति आदिबाट अनुदान, चन्दा, सहयोग प्राप्त गरि खडा गरिने छ ।

३.३ कुनै पनि गैर सरकारी संस्थाको सहयोगमा यो कोष शुरु गर्नुपरेमा न्युनतम रु ३०००००।- ( अक्षेरिपी तीन लाख रुपैया मात्र) बाट शुरु गरिनेछ ।

३.४ बाल संरक्षण कोषको मुल धनलाई क्रमशः बढाउँदै लगिनेछ ।

३.५ बाल संरक्षण कोषबाट आर्जित रकम यस निर्देशिकाको बुदा नं. ४ अनुसारका बालबालिकाको हितका लागि मात्र खर्च गर्नपर्नेछ ।

३.६ बाल संरक्षण कोषको रकम तालिम, गोष्ठी, प्रशासनिक खर्च, भ्रमण आदिमा खर्च गर्न पाईने छैन ।

३.७ बाल संरक्षण कोष गाउँपालिका, वडा कार्यालय र गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति को संयुक्त अधिनमा रही संचालन गर्नुपर्नेछ ।

**४. लक्षित समुह :**

आर्थिक रुपले विपन्न घरमा हुर्किरहेका निम्न अवस्थाका बालबालिकाहरु बाल संरक्षण कोषको लक्षित समुह हुनेछन ।

४.१ आमा बाबु दुबै नभई अरुको रेखदेखमा रहेका बालबालिका

४.२ आफै घरमुली भएका बालबालिका

४.३ कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका
४.४ आमा वा बाबु कुनै एक नभई एकल अभिभावकसंग बसीरहेका बालबालिका
४.५ अति विपन्न बालबालिका

**५. अनुदान रकम :**

लक्षित बालबालिकालाई प्रति महिना रु ४००।- ( अक्षेरिपी रु चार सय ) का दरले एक बर्षमा जम्मा ४८००।- ( अक्षेरिपी रु चार हजार आठ सय ) सहयोग गरिनेछ । यो सहयोग रकम नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि तोकिएको मितिमा वितरण गर्नुपर्नेछ । यो सहयोग रकम लाभान्वित बर्गका संरक्षक/अभिभावकले बालबालिकाको पोषण, स्वास्थ्य र शिक्षामा प्रयोग गर्नुपर्नेछ । प्रत्येक बर्ष कोषको रकम बढाउदै लगिने छ ।

६. आवेदनको प्रक्रिया :

६.१ आवेदन लिने प्रक्रिया

क) आवेदन आव्हानको लागि सार्वजनिक सुचना प्रकाशित गर्नुपर्नेछ ।
ख) आवेदन फारम वितरण गर्दा गाउँपालिका, वडा कार्यालयमा कार्यरत संघ संस्था, बाल समुह आदिको सहयोग लिन सकिनेछ ।
ग) आव्हान गरिएको १५ दिन भित्र तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ ।

६.२ आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु

क) जन्म दर्ता प्रमाण पत्र छायाँप्रति
ख) विद्यालयमा अध्यायनरत भए सम्वन्धित विद्यालयको सिफारिस
ग) अभिभावकको नागरिकताको प्रमाण पत्रको छायाँप्रति
घ) अभिभावकको मृत्यु दर्ताको प्रमाणपत्रको छायाँप्रति
ङ ) अति विपन्नको सम्बन्धमा सम्बन्धित नेपाल सरकारको जुनसुकै कार्यालयबाटको सिफारिस

**७. छनौट प्रक्रिया :**

७.१ तल उल्लेखित आधारहरुलाई मध्येनजर गरि निजले दिएको आवेदन र अध्यायन अवलोकन समेतको आधारमा छनौट र प्राथमिकिकरण गरिनेछ ।

क) कोही पनि आफन्त नभई अरुको शरणमा बसेका आर्थिक रुपले विपन्न बालबालिका
ख) स्वयं घरमूली भएका आर्थिक रुपले विपन्न बालबालिका
ग) आमा बाबु दुवै नभई अरुको रेखदेखमा रहेका आर्थिक रुपले विपन्न बालबालिका
घ) आमा बाबु मध्ये एक नभएका र आर्थिक रुपले विपन्न बालबालिका
ङ) आमा बाबु दुवै वा दुई मध्ये एक नभएका र अति लामो समयसम्म विरामी भएका बालबालिका
च) अति विपन्न एवम् जेहेन्दार बालबालिका

७.२ छनौट भएका बालबालिकाहरुको नामावली सार्वजनिक सूचनाद्धारा जानकारी गराउनु पर्नेछ ।

७.३ छनौट सम्बन्धि जानकारी सम्बन्धित बालबालिका, उनीहरुका अभिभावक र अध्यायन गरिरहेको विद्यालयलाई पत्र मार्फत वा अन्य संचार माध्यमद्धारा गराउनुपर्नेछ।

७.४ बाल संरक्षण कोष संचालन सहयोग, लक्षित बालबालिका छनौट तथा अनुगमनका लागि गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति मार्फत वडा स्तरमा एक समिति गठन गरिने छ । यस समितिको नाम " कोष सञ्चालन तथा व्यवस्थापन समिति" रहनेछ ।

सहयोग तथा अनुगमन समितिमा निम्न सदस्यहरु रहनेछन् :

संयोजक : वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति

सदस्य : गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको एक महिला सहित २ जना

सदस्य : बालबालिका सम्बन्धि वडा तथा गाउँपालिकामा कार्यरत संस्थाका प्रतिनिधि

सदस्य :महिलाको कार्यक्रमसंग सम्बन्धित वडा तथा गाउँपालिकामा कार्यरत महिला प्रतिनिधि

सदस्य : गाउँ बाल संजाले तोकेको एक बालक र एक बालिका प्रतिनिधि

७.५ सहयोग प्राप्त गर्ने लक्षित आवेदक बालबालिकाहरुको प्राथमिकिकरण अनुसुची २ बमोजिम छनौट गर्नुपर्नेछ ।

**८. सम्झौता सम्बन्धि व्यवस्था :**

८.१ छनौट भएका बालबालिकाहरुलाई सहयोग प्रदान गर्नु अघि उनीहरुका बाबु, आमा वा अभिभावक/संरक्षकसंग अनुसुची ३ मा उल्लेख गरिएको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

८.२ सम्झौताको समयमा छनौट भएका बालबालिका, उनीहरुको बाबु आमा वा अभिभावकलाई यसबाट शिक्षा तथा स्वास्थ्यमा पर्ने असर तथा प्रभावका बारेमा जानकारी एवं परामर्श दिनुपर्नेछ ।

**९. अनुदान प्रदान गर्ने प्रकृया :**

९.१ सबै सरोकारवालाहरुलाई समेटेर विशेष समारोह आयोजना गरी वा समारोह भएको समयमा सहयोग वितरण गनुपर्नेछ ।

९.२ सो सहयोग रकम तीन किस्तामा नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा सम्बन्धित घरका व्यक्तिलाई प्रदान गर्नुपर्नेछ ।

९.३ चौमासिक रुपमा रु १६००। ( एक हजार छ सय रुपैया) एकमुष्ट रुपले हरेक छनौट भएका बालबालिकालाई वितरण गर्नुपर्नेछ ।

## १०. आशातित उपलब्धिहरु :

१०.१ लक्षित समुहका पोषणयुक्त खानाबाट बन्चित बालबालिकाहरुलाई सहयोग पश्चात पोषणयुक्त खाना उपलब्ध हुनेछ ।

१०.२ लक्षित समुहका विद्यालय जान नपाएका बालबालिकाहरु सहयोग पश्चात निरन्तर विद्यालय जानेछन् ।

१०.३ लक्षित समुहका स्वास्थ्य उपचार नपाएका बालबालिकाहरुले सहयोग पश्चात स्वास्थ्य उपचार पाउनेछन ।

१०.४ आर्थिक कारणले बाल श्रममा परेका अनाथ बालबालिका सहयोग पश्चात विद्यालय जानेछन् ।

१०.५ बालश्रम मुक्त हुने ।

## ११. अनुदान रोक्का हुने अवस्थाहरु :

११.१ आर्थिक रुपमा उल्लेख्य सुधार भएमा

११.२ बसाई सरी गएमा

११.३ रकम दुरुपयोग भएको देखिएमा

११.४ अन्य व्यक्ति वा संघ संस्थाबाट उल्लेख्य ( सहयोग रकमको पचास प्रतिशत भन्दा बढी ) सहयोग पाएमा

११.५ विचैमा कक्षा छोडेमा

११.६ सहयोग पाउने बालबालिमा १० कक्षा पुरा गरेमा/ १८ वर्ष पुरा गरेमा

११.७ विवाह गरेमा

११.८ २ वटा बार्षिक परिक्षामा लगातार अनुतिर्ण भएमा

११.९ मृत्यु भएमा

## १२. अनुगमन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था :

१२.१ बाल संरक्षण कोषबाट अनुदान वितरण कार्यक्रमको प्रतिवेदन जिल्ला बाल कल्याण समिति तथा गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । ( बार्षिक प्रतिवेदन, हरेक बर्षको असाढ मसान्त भित्रमा )

१२.२ छनौट तथा सहयोग प्रकृया र सदुपयोग सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ ।

१२.३ छनौट तथा सहयोग प्रकृया र सदुपयोग अनुगमन सम्बन्धमा बुँदा नं.७.४ अनुसार गठित समितिले अनुगमन गर्नेछ । उक्त समितिको निम्नानुसार कार्य हुनेछ ।

क) उपयुक्त र योग्य बालबालिका सेवाग्राही छनौट गर्ने सम्बन्धमा

ख) बाल अक्षय कोषको निष्पक्ष र निस्वार्थ सेवा प्रदान गराउने सम्बन्धमा

ग) लक्षित सेवाग्राहीलाई उद्धेश्य अनुरुप सहयोग गर्ने वातावरण सृजना गर्ने सम्बन्धमा

१२.४ समितिले स्थलगत अध्यायन गरी उद्धेश्य अनुरुप काम भए नभएको सुनिश्चित गर्न कम्तिमा बर्षको एक पटक अनुगमन गर्नुपर्नेछ ।

१२.५ सहयोग रकम दुरुपयोग गरेको शंका लागेमा जुनसुकै समयमा पनि अनुगमन गर्न सकिनेछ ।

१२.६ अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गर्नेछ ।

**१३. बाल संरक्षण कोषको संचालन:**

१३.१ कोषको रकम नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको सरकारी कारोवार गर्न ईजाजत प्राप्त मध्ये अधिकतम ब्याजदर तथा अन्य सुविधा उपलब्ध गराउने बैंकमा मुद्दती खाता खोली रकम जम्मा गरिनेछ र सो कोषबाट प्राप्त ब्याज संकलनका लागि सोही बैंकमा छुट्टै चल्ती/बचत खाता खोलिनेछ ।

१३.२ गाउँपालिकाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन समितिको नाममा मुद्दती खाता / अक्षय कोष संचालन गर्न सम्बन्धित बैंकलाई सिफारिस पत्र पठाउने छ ।

१३.३ दुवै खाताको खाता संचालन निम्न अनुसार रहनेछन् :

क) गाउँ बालअधिकार संरक्षण तथा सम्वर्द्धन समितिको संयोजक

ख) बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको महिला सदस्य

ग) गाउँपालिकाले वा वडाले तोकेको एक जना कर्मचारी

१३.४ उल्लेखित ३ जनाको संयुक्त दस्तखतमा खाता खोलिने र खाता सञ्चालनमा कुनै दुई जनाको दस्तखतमा खाता सञ्चालन गरिनेछ ।

१३.५ व्याजदर प्राप्त ९० प्रतिशत रकम प्रत्येक बर्ष सहयोग गरिनेछ भने १० प्रतिशत रकम मुद्दती खातामा थप गर्दै लगिनेछ ।

**१४. अभिलेखिकरणको व्यवस्था :**

१४.१ बाल संरक्षण कोष संचालन निर्देशिका अन्तर्गत संचालन गरिएको कार्यक्रमहरुको प्रतिवेदन तयार गरि गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिले अद्यावधिक गरेपछि सोको जानकारी गाउँपालिका, बाल कल्याण समिति तथा अन्य साझेदारी संस्थामा गराउनुपर्नेछ ।

१४.२ यस कार्यका लागि गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिले आफुहरुमध्येबाट एकजना सदस्यलाई जिम्मेवारी तोक्नुपर्नेछ ।

१४.३ छनौट भएका बालबालिकाहरुको अभिलेख अद्यावधिक राख्ने तथा अवधि पुरा गरेका बालबालिकाको लगत कट्टा गर्ने ।

१४.४ लाभग्राही बालबालिकालाई अनुसुची ४ बमोजिमको परिचय पत्रको व्यवस्था गर्ने र सोको अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

**१५. उजुरी तथा गुनासो सम्बन्धि व्यवस्था:**

यस कोषसंग सम्बन्धित कुनै पनि उजुरी तथा गुनासाहरु सम्बन्धित गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिमा पेश गर्न सकिनेछ । गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिले उक्त उजुरी तथा गुनासोहरु समाधान गर्नेछ । चित्त नबुझेमा लिखित रुपमा गाउँपालिकामा उजुर गर्न सकिनेछ । गाउँपालिकाले आवश्यक सल्लाह सुझाव दिन सकिनेछ ।

**१६. कार्यविधि संशोधन:**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा व्यवधान आएमा आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गाउँपालिकाको निर्णय अनुसार गरिनेछ । निर्णय पश्चात लागू हुनेछ ।

## अनुसुची - १

### गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति

### बाल संरक्षण कोष

आवेदन फारम

१. बालबालिकाको विवरण:

नाम थर :..............................................................................................

लिङ्ग :..............................................................................................

जाति :..............................................................................................

उमेर :..............................................................................................

गाउँपालिका : ..............................................................................

वडा नं. :..............................................................................................

जिल्ला :..............................................................................................

विद्यालय :..............................................................................................

कक्षा :..............................................................................................

स्वास्थ्य अवस्था :..............................................................................................

जन्म दर्ता : भएको ☐ नभएको ☐

आमा  बुवा दुवै नभएको: ☐

आमा नभएको: ☐

बुवा नभएको : ☐

अभिभावक/संरक्षकको नाम :..............................................................................

२. अपाङ्गताको

क. ☐ ख. ☐ ग. ☐ घ. ☐

परिचय पत्र भएको ☐ नभएको ☐

३. पारिवारिक विवरण :

| क्र.सं. | परिवारको सदस्यको नाम | नाता | उमेर | पेशाा | आम्दानी ( प्रति बर्ष) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. जग्गा जमिन : ( रोपनी)

| क्र.सं. | जग्गाको विवरण | रोपनी | आफ्नै | कमाएको |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

५. घरको प्रकार/किसिम

| क्र.सं. | घरको प्रकार/किसिम | खरको छानो | टिनको छानो | ढुङ्गाको छानो | ढलान |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

६. पशुपंक्षी धन :

| दोपाया | कुखुरा | परेवा | हाँस | अन्य |
|---|---|---|---|---|
| संख्या | | | | |

| चौपाया | गाई | गोरु | भैसी | राँगा | पठापाठी | बाच्छाबाच्छी | भेडा/बाखा | चौरी |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | | | | | | | | |

७. जीवन निर्वाहको आधार :

क. आफ्नै खेतीको कमाईले कति महिना खान पुग्छ ?

..............................................................................................

ख) अरु बेला ( समय) मा के गरि जीवन निर्वाह गर्नुहुन्छ ?

..............................................................................................

Jगमपानुख
८८।११।१६

## अनुसुची २

योग्य आवेदक प्राथमिकरण गर्ने आधारहरु :

| क्र.सं. | निवेदकको नाम | विद्यालय बाहिर भएका बालबालिका | आमा बुवा दुवै नभई अरुको शरणमा रहेका बालबालिका | बाल श्रममा रहेका बालबालिका | विद्यालयमा अनियमित हुने बालबालिका | बालिका | पारिवारिक आयश्रोत कम भएको | आफैं घरमुली भएका बालबालिका | कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालकालिका | बलबालिकाको कुनै एक मात्र अभिभावक ( आमा/बुवा ) भएको र उक्त अभिभावक लामो समयसम्म बिरामी भएको | अति विपन्न एवम् जेहेन्दार बालबालिका | कुल प्राप्तांक | छनौट भएको वा नभएको (Y/N) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

नोट : माथि उल्लेखित सुचकहरु यदि छन् भने १ अंक दिने र नभएमा कुनै पनि अंक नदिने

अन्तमा छनौट भएका कुल बालबालिका संख्या :..........................

माथि उल्लेखित आधारमा रही बालबालिका छनौट गरिएको ठीक छ भनी सही गर्नेहरु

हस्ताक्षर :

वडा अध्यक्ष : ................................

बाल अधिकार सम्बन्धि कार्यरत स्थानीय संस्था :........................

गा.बा.सं समिति प्रतिनिधि :..........................

वडा महिला सदस्य प्रतिनिधि :...........................

महिलाको कार्यक्रमसंग सम्बन्धित महिला प्रतिनिधि :........................

गाउँ बाल संजालका बालक प्रतिनिधि :................................

गाउँ बाल संजालका बालिक प्रतिनिधि:.......................................

## अनुसुची ३

गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति र सम्बन्धित अभिभावकबीच हुने

सम्झौता पत्र

बाल संरक्षण कोषबाट सहयोग प्राप्त गर्ने बालबालिकाको अभिभावक र गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समिति बीच तपशील अनुसारको सर्त बन्देजमा रहने गरि भएको सम्झौता पत्र

तपशील

क) सम्बन्धित अभिभावकले पालना गर्नुपर्ने शर्त

१. बालबालिकाको शिक्षामा अभिरुची सृजना गरि निरन्तर विद्यालय पठाउने ।

२. बाल संरक्षण कोषबाट प्राप्त सहयोगको रकम शिक्षा, स्वास्थ्य र पोषणको क्षेत्रमा मात्र खर्च गर्ने ।

३. विरामी भएर वा अन्य कारणबाट बालबालिका विद्यालय जान नसकेमा सम्बन्धित विद्यालय र गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिलाई लिखित जानकारी दिने ।

४.बाल विवाह गर्न नपाईने ।

५. बालबालिकालाई बालमैत्री वातावरण दिनुपर्ने र उनीहरुलाई शारीरिक/मानसिक यातना दिन नहुने ।

६. बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन नहुने ।

७. उचित समयमा आफ्ना बालबालिबाको हेरचाह गर्ने । छोरा र छोरीमा भेदभाव गर्न नहुने ।

ख) सम्बन्धित गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिले पालना गर्नुपर्ने शर्तहरु

१. छनौट भएका बालबालिकालाई बाल संरक्षण कोष संचालन निर्देशिकामा भएको व्यवस्था बमोजिम बर्षको ३ किस्ता गरि तोकिएको रकम उपलब्ध गराउने ।

२. सो सहयोग रकम सहि सदुपयोग भए नभएको अनुगमन गर्न आफै वा समिति गठन गरि परिचालन गर्ने ।

३. अनुगमनको क्रममा निर्देशिका अनुसार प्रदान गरि आएको सहयोग रकम रोक्का वा स्थगन गर्नुपर्ने कुनै पनि आधार भेटिएमा सुनुवाईको उचित मौका दिई लिखित रुपमा सम्बन्धित अभिभावक र विद्यालयलाई सुचना दिने ।

४. सम्बन्धित अभिभावक र बालबालिकासंग निरन्तर सम्पर्कमा रहिरहनु पर्ने ।

५ छनौट गरिएका बालबालिकालाई अनुसूची ..अनुसारको परिचय पत्र प्रदान गर्ने

उल्लेखित शर्तमा रही हामीहरु बालबालिकाको स्वास्थ्य, शिक्षा र पोषणको अवस्थामा सुधार ल्याउने अभिप्रायले गर्न लागिएको सहयोग कार्यक्रम कार्यान्वयनमा हाम्रो खुशीराजीले यो सम्झौता गरी एक/एक प्रति बुझी लियौं दियौं । यो सम्झौता पालना नभए नियम बमोजिम हुनेछ ।

अभिभावकका तर्फबाट :

नाम थर :..........................

दस्तखतः

बालबालिकाको नाम :

कक्षा :

ठेगानाः

औठा छाप

साक्षीहरु

१................................................

२................................................

गाउँ बालअधिकार संरक्षण तथा सम्बर्द्धन समितिको तर्फबाट :

नाम थर :..........................

दस्तखतः

पद :

संस्थाको छाप

ईति सम्वत

......................साल.....................महिना...................गते.................रोज..........शुभम् ।

अनुसुची ४

लाभग्राही परिचय पत्र

| | |
|---|---|
| **गाउँ बालअधिकार संरक्षण तथा समबर्द्धन समिति**<br>**बैतेश्वर गाउँपालिका वडा नं.......**<br>**बाल अक्षय कोष लाभग्राही परिचय पत्र** | फोटो |
| परिचय पत्र नं.<br>नाम:<br>ठेगाना:<br>जन्म मिति:<br>बाब,आमा,वा संरक्षकको नाम:<br>अक्षय कोषमा आवद्ध भएको मिति:<br>लाभग्राहीको समयावधि सकिने मिति:<br>सम्पर्क नं.<br><br>प्रमाणित गर्ने | |

२०८१।११।१६